# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल


प.सं.:०७३।०७४
च.नं.: ९०६

मितिः २०७३।१२।०६

श्री बित्त बिभाग
श्री राजस्व बिभाग
श्री बातावरण ब्यबस्थापन बिभाग
सबै वडा कार्यालयहरु
काठमाडौं महानगरपालिका ।

**विषय : खाता बन्दी तथा नयाँ खाता संचालन ।**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं. २२७ मिति २०७३।१२।०१ को पत्र बाट निर्देशन भए अनुसार मिति २०७३।११।२७ सम्मको स्थानीय निकायको नाउमा रहेको खाताहरु बन्द गर्ने ब्यहोरा अवगत भएकै हुनु पर्दछ । काठमाडौ महानगरपालिकाको नाउमा रहेका सबै खाता बन्दी, नयाँ खाता खोल्ने र संचालन सम्बन्धी निम्नानुसार गर्नु हुन अनुरोध छ ।

**निम्न**

१. साबिकमा काठमाडौ महानगरपालिका कार्यालयको नाउमा रहेका आम्दानी, खर्च र धरौटीका खाताहरुको मिति २०७३।११।२७ सम्मको सम्पूर्ण हिसाव अध्याबधिक गर्ने ।

२. सबै खाताहरुको उक्त मिति २०७३।११।२७ सम्मको बैकं नगदी किताव, लेजर, बैंक रिकन्सिलेसन स्टेटमेन्टहरु तयार गरि अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराउने ।

३. मिति २०७३।११।२७ सम्मको बांकी रहेको पेश्की, धरौटी, भुक्तानी दिन बाँकी बिवरण, प्राप्त गर्न बाँकी बिवरण तयार गरि प्रमाणित गराउने ।

४. साबिकमा काठमाडौ महानगरपालिका कार्यालयको बिभागमा रहेका केन्द्रीय खाताहरु अन्य कोषहरुको खाता बन्द गर्ने ।

५. साबिकका रहेका खाताहरुको मिति २०७३।११।२७ सम्मको आवश्यक श्रेस्ताहरु तयार गरी आन्तरिक लेखापरीक्षण गराउने ।

६. सबै वडा कार्यलय र अन्य कार्यलयमा रहेका आम्दानी, धरौटी र खर्चका छुट्टाछुट्टै खाताहरु साबिककै बैकमा खोल्ने । खाता खाल्नको लागि आवश्यक पर्ने थप कागजात तथा निणयहरुको आवश्यक परेका बित्त बिभागमा संपर्क गर्ने ।

७. बिभागमा रहेका केन्द्रिय आम्दानी, धरौटी, खर्च र कोष तर्फका आवश्यता अनुसारका छुट्टाछुट्टै खाताहरु साबिककै बैकमा खोल्ने ।


बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np

# काठमाडौं महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बागदरबार, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

प.सं.:०७३।०७४
च.नं.: ९०६

८. पुराना बन्द गरेका खाताहरुको प्रमाणित बिवरण सहितको रकम नयाँ खोलेको सम्बन्धित खातामा ट्रान्फर गर्ने ।

९. आर्थिक कारोवार गर्दा मिति २०७३।११।२८ देखि १ नम्बर भौचरबाट शुरु गर्ने ।

.......................
**(ईश्वरराज पौडेल)**
कार्यकारी अधिकृत

**बागदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२३१४८१ फ्याक्स : ९७७-१-४२६८५०९**
E-mail: ceo@kathmandu.gov.np, kmcmayor@mos.com.np, website: www.kathmandu.gov.np